## अख्तियार दुरुपयोग अनुसन्धान मिति २०८१/१०/२९ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु<br>**गम बहादुर वि.क. र प्राणनाथ कसजु**<br>मु.नं (०८०-CR-००१३)<br>फैसला मिति २०८०/१०/२४ | **सरकारी कागजात सच्याई भ्रष्टाचार गरेको।** | **आयोगको माग दावी**<br>•प्रतिवादी गम बहादुर वि.क. र प्राणनाथ कसजुले जिल्ला पर्सा (साविक जिल्ला बारा), नगवा गा.वि.स. वडा नं. ५ को कि.नं. ११२ र २१३ जग्गाको मोहीको लगत सम्बन्धी ३ नं. अनुसूचीका साथै ऐ. नकटुवा गा.वि.स. वडा नं. २ कि.नं.५६ को ज.वि.०-१०-० को जग्गाको मोहीको लगत सम्बन्धी १,२ र ३ नम्वर अनुसूची सच्याउने तथा थपघट गर्ने कार्य गरी मोहीयानी हकको नक्कली लगत खडा गरि मोही बाँडफाँडको निर्णय समेत गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ११ बमोजिमको कसुर गरेको देखिंदा निज प्रतिवादी गम बहादुर वि.क. र प्राणनाथ कसजुलाई सोही ऐनको दफा ११ बमोजिम सजाय हुन समेतको मागदावी लिई विशेष अदालत समक्ष आरोपपत्र दायर गरिएको देखिन्छ।<br><br>**अदालतको फैसला**<br>•प्रतिवादी गम बहादुर वि.क.ले आरोपदावी बमोजिमको कसूरबाट सफाई पाउने र प्रतिवादी प्राणनाथ कसजुले आरोप मागदावी बमोजिमको कसुर गरेको देखिंदा निज प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ११ अनुसार तीन महिना (३) कैद हुने ठहर भई जरिवानाको हकमा केही उल्लेख नगरी विशेष अदालतबाट फैसला भएको देखिन्छ। | **फैसलाः**<br>प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>•प्रतिवादी गम बहादुर वि.क.ले कसुरमा इन्कार भई बयान गरेको देखिएको।<br>•प्रतिवादी गम बहादुर वि.क.ले पेश भएका कागजातहरुको आधारमा कार्यालय प्रमुखको दायित्व पुरा गरेको सम्म देखिएको।<br>•प्रतिवादी गम बहादुर वि.क.हाजिर हुन भन्दा पहिले दिएको निवेदन र प्रमाणको आधारमा निर्णय गरेको देखिएको।<br>•प्रतिवादी प्राणनाथ कसजुको हकमा निज उपर भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ११ बमोजिम ३ महिना देखि २ वर्ष सम्म कैद र पचास हजार रुपैया सम्म जरिवाना हुने सजायको मागदावी लिई आरोपत्र दायर भएको छ। विशेष अदालतबाट प्रतिवादी | •जिल्ला पर्सा (साविक जिल्ला बारा), नगवा गा.वि.स. वडा नं. ५ को कि.नं. ११२ र २१३ जग्गाको मोहीको लगत सम्बन्धी ३ नं. अनुसूची साथै ऐ. नकटुवा गा.वि.स. वडा नं. २ को कि.नं. ५६ को जग्गाको मोही बाँडफाँड सम्बन्धी तत्कालीन भूमिसुधार कार्यालय, पर्साको मिति २०७४।३।२७ को निर्णयमा मोहीयानी हकको १, २ र ३ नं. अनुसूची बमोजिमको लगतलाई प्रमुख आधार प्रमाण लिई फैसला भएकोमा उक्त लगत प्रमाणहरुमा नै कैफियत देखिएको भनि विधि विज्ञान प्रयोगशालाबाट समेत प्रमाणित भएको, उक्त कि.नं. ५६ को फिल्डबुक समेतमा मोही सितम राउत कुर्मी जनिएको, निवेदक नागेश्वर राउत कुर्मीको नाउँमा मोही जनिएका उक्त कि.नं. ५६ को मोही सम्बन्धी अनुसूची १,२ र ३ नं. का लगतहरु किर्ते गरी गैर कानूनी रुपमा खडा गरिएका हुन् भनि उक्त मोही बाँडफाँडको मुद्दामा प्रतिवादी सितम राउत अहिरले भूमिसुधार कार्यालय, पर्सामा लिखित जवाफ पेश गरेको साथै सम्बन्धित स्थानीय निकायबाट उल्लिखित जग्गाको जोतभोगको अवस्था पूनः सर्जमिन गरी यकिन गर्न भनि पत्राचार भएको समेतका विषयहरुमा भूमिसुधार कार्यालयले कुनै कारवाही नगरी मोही दावी विवाद रहेकै अवस्थामा एकतर्फी रुपमा निवेदकको मागदावी बमोजिम फैसला गरेको देखिन्छ।उक्त उल्लिखित कि.नं.५६ को जग्गाको मोहीको लगत सम्बन्धी १ नं. र ३ नं. अनुसूची बमोजिमको पाना एवं २ नं. अनुसूचीको पानामा मोही नागेश्वर राउत कुर्मी उल्लेख भएको विवरण थपघट तथा सच्चाइएको भनि विधि विज्ञान प्रयोगशालाको परिक्षण प्रतिवेदन समेतबाट निज प्रतिवादी गम बहादुर वि.क.ले सरकारी कागजात सच्चाई भ्रष्टाचारजन्य कार्य गरेको तथ्य प्रमाणीत भई रहेको अवस्थामा केवल प्रतिवादी गम बहादुर वि.क.को इन्कारी बयान मात्रलाई आधार लिई भएको उक्त फैसला सम्मानित सर्वोच्च अदालतबाट ने.का.प.२०५३,अंक ६, नि.नं.६२१९ मा प्रतिपादित "अपराधबाट बच्न र कानूनी सजायबाट उम्कन प्रतिवादीले अदालतमा जे जस्तो झुठ्ठा कुरा पनि गर्न सक्ने परिपेक्षमा निजको इन्कारी बयानलाई मिसिल संलग्न समुचित तथ्य सँग भिडाएर हेर्नुपर्ने" भन्ने सिद्धान्त प्रतिकुत समेत देखिदा त्रुटि पूर्ण हुँदा बदर भागी छ।<br>•प्रतिवादी गम बहादुर वि.क.ले पेश भएको कागजातहरुको आधारमा कार्यालय प्रमुखको दायित्व पुरा गरेको सम्म देखिएको भन्ने आधारको सन्दर्भमा हेर्दा,अर्ध न्यायिक निकायको रुपमा रहेको भूमिसुधार कार्यालयको कार्यालय प्रमुख जस्तो जिम्मेवार पदमा रहेको सार्वजनिक अधिकारीले निर्णय गर्दा पेश भएका लगत तथा कागजातहरु कानून बमोजिम छ छैन ? विवाद रहित छ छैन? भन्ने यकीन गर्ने दायित्व निर्णयाधिकारीको प्रमुख दायित्व भित्र पर्दछ।त्यसै गरी आफुले गर्ने निर्णय कानूनी रुपमा न्यायिक हुन्छ हुदैन सो तर्फ नहेरी उक्त साविक कि.नं ५६ हाल कायम रहेको कि.नं. १२२८ को जग्गा विवादित रहेको भन्ने कुरा निर्णय गर्नुभन्दा अगाडि सितम राउत अहिरले पेश गरेको लिखित जवाफ र सो साथ पेश गरेको मोही लगतको प्रमाण, वीरगंज उप महानगरपालिका १५ नं. वडा कार्यालय,पर्साको मिति २०७४/०३/२२ पत्र समेतबाट मोहीको दोहोरो लगत देखिई उक्त कि.नं. मा विवाद देखिइरहेको अवस्थामा निजले सो प्रमाणहरुलाई वेवास्ता गरी किर्ते गरी मोही कायम गर्न खोजेको नागेश्वर राउत कुर्मि सँग मिलेमतो गरी निजले पेश गरेको प्रमाणमात्र ग्रहण गरी निजको पक्षमा निर्णय गरेबाट समेत निजले वदनियतपूर्वक कार्य गरेको पुष्टी भई रहेको अवस्थामा उल्लिखित आधार ग्रहण गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ।<br>•प्रतिवादी गम बहादुर वि.क. हाजिर हुनु भन्दा पहिले दिएको निवेदन र प्रमाणको आधारमा निर्णय गरेको देखिएको भन्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | प्राणनाथ कसजु उपर लिईएको आरोपदावी बमोजिमको कसुर कायम गरी निजलाई ३ महिना कैद सजाय मात्र गरी जरिवानाको हकमा केही उल्लेख नगरी फैसला भएको देखिन्छ। | आधारको सन्दर्भमा हेर्दा, यी प्रतिवादी हाजिर हुनुभन्दा अगाडि निवदकले निवेदन दिएता पनी प्रतिवादी हाजिर भएपछि मात्र मोही बाँडफाँड सम्बन्धि कार्य पुनः शुरुवात भएकोमा विवाद छैन। पुनः शुरुवात भएको कार्यमा तत्कालीन समयमा कार्यालय प्रमुख रहेको व्यक्तिले गरेको कार्यलाई निरन्तरता दिंदा पछि हाजिर हुने कार्यालय प्रमुखले पहिले भए गरेका कार्य कानून सम्मत छ छैन भनी नहेरी गर्छ भन्ने कुरा विस्वसनीय छैन। मिसिल संलग्न प्रमाण कागजातबाट समेत निज प्रतिवादी हाजिर भैसके पछि सितम राउत अहिरले मिति २०७४/०१/२१ मा पेश गरेको गरेको मोही लगतको दर्ता श्रेष्ताको प्रमाण र लिखित जवाफ तथा सम्बन्धित वडा कार्यालयको पत्रबाट समेत उठेका विवादका सम्बन्धमा समेत फैसला/निर्णयमा उठान गरी प्रतिवादी गम बहादुर वि.क.ले निर्णय गरेको देखिएबाट निज प्रतिवादी हाजिर हुनुभन्दा अगाडि दिएको निवेदन र प्रमाणको आधारमा निर्णय गरेको भन्ने निज प्रतिवादीको भनाई खण्डित भएको देखिंदा उक्त फैसला त्रुटिपूर्ण रही बदर भागी छ।<br>• विशेष अदालत काठमाडौंले प्रतिवादी प्राणनाथ कसजुलाई आरोपदावी बमोजिम कसुर ठहर गरी ३ (तीन) महीना कैद हुने ठहर गरी फैसला गरेतापनी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसुर गरेको देखिएमा मात्रा अनुसार तीन महिनादेखि दुई वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ भनी स्पष्ट रुपमा कैद र जरिवाना दुवै सजाय गर्नुपर्ने गरी कानून व्यवस्था रहेकोमा प्रतिवादी प्राणनाथ कसजुलाई तीन महीना कैदको सजाय मात्र गरी जरिवानाको हकमा केही नबोली भएको फैसला भएको देखिन्छ। कानूनमा कैद र जरिवाना भनि दुवै सजायको स्पष्ट व्यवस्था गरेको अवस्थामा कैद र जरिवानाको मात्रा अनुसार दुवै सजाय गर्नु पर्नेमा तजविजी अधिकारको प्रयोग गर्दा कुनै एक सजायको मात्र छनौट गरी सजाय गर्न मिल्दैन यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट ने.का.प.२०५२, अंक १, निर्णय नं.५०२९ मा "तजविजी अधिकार अनियन्त्रित अधिकार होइन कानूनले तोकेको सिमा भित्र रहेर गर्नुपर्ने र यसको प्रयोग गर्दा विवेक र न्याय संगत तरिकाले गर्नुपर्ने" भन्ने सिद्धान्त विपरित तजविजी अधिकारको अनियन्त्रित प्रयोग गरी न्यूनतम सजाय मात्र गरी अनिवार्य रुपमा गर्नुपर्ने जरिवानाको हकमा केही उल्लेख नै नगरी फैसला भएको देखिन्छ। भ्रष्टाचार सम्बन्धी कसुरको सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शन (सर्वोच्च अदालतको पूर्ण बैठकबाट मिति २०७५।११।०८।०४ मा स्वीकृत भएको) को छैटौं चरणमा सजाय निर्धारण गर्दा कसुरदारलाई कसुर गरे वापत कैदको के कति सजाय हुने हो एकिन गर्न, सातौ चरणमा कसुरदारलाई कसुर गरे वापत विगो बमोजिम के कति जरिवाना हुने हो एकिन गरी सजाय निर्धारण गर्नुपर्ने स्पष्ट व्यवस्था हुँदा हुँदै उक्त मार्गदर्शनको अनदेखा गरी अनिवार्य रुपमा गर्नुपर्ने जरिवानाको हकमा केही उल्लेख नै नगरी भएको फैसला त्रुटी पुर्ण हुँदा बदर भागी रहेको छ।<br>• अतः माथि विवेचित उल्लिखित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुलाइ हेर्दा, प्रतिवादी गम बहादुर वि.क.ले र प्राणनाथ कसजु समेतले मिलेमतो गरी जिल्ला पर्सा (साविक जिल्ला बारा) नगवा गा.वि.स. वडा नं. ५ को कि.नं. ११२ र २१३ जग्गाको मोहीको लगत सम्बन्धी ३ नं. अनुसूचीका साथै ऐ. नकटुवा गा.वि.स. वडा नं. २ कि.नं.५६ को ज.वि.०-१०-० को जग्गाको मोहीको लगत सम्बन्धी १, २ र ३ नम्वर अनुसूची सच्याउने तथा थपघट गर्ने कार्य गरी मोहीयानी हकको नक्कली लगत खडा गरि मोही बाँडफाँडको निर्णयसमेत गरी भ्रष्टाचार गरेको पुष्टि हुँदा हुँदै यी प्रतिवादी गम बहादुर वि.क.लाई आरोप मागदावी बमोजिम सजाय गर्नुपर्नेमा सफाई दिने गरी र सह प्रतिवादी प्राणनाथ कसजुलाई केवल ३ (तिन महिना) कैद मात्र गरी जरिवानाको हकमा केही नबोली भएको विशेष अदालतको फैसला त्रुटिपूर्ण देखिएकोले उक्त फैसला बदर गरी आरोप-पत्र मागदावी बमोजिम कसूर ठहर गरी सजाय गरि पाउँन सम्मानित |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | अदालत समक्ष अनुरोध छ। |